Received Date: April 2022 Revised: May 2022 Accepted: June 2022

# टोखा चण्डेश्वरीको सांस्कृतिक अध्ययन

**श्याममदन के.सी.**
एमफिल/पीएच.डी.शोधार्थी, त्रिभुवन विश्वविद्यालय
Email : shyammadan626@gmail.com

**लेखसार**

*टोखाको चण्डेश्वरी प्राचीनकाल देखि नै महत्वपूर्ण धार्मिक स्थलको रूपमा प्रसिद्ध भईसकेको तथ्यलाई चण्डिकेश्वर पिण्डारक महात्म्यले पनि अझ स्पष्ट गर्न सहयोग पुयाएको छ भने चण्डेश्वरी मन्दिरको स्वरूपले पनि चण्डेश्वरीको प्राचीनतालाई स्पष्ट पारेको छ । टोखा चण्डेश्वरीलाई देवीको रुपमा लिइएको देखिन्छ । स्थानीय सर्वसाधारण जनताहरूले आफ्नो उन्नति प्रगति लगायत शक्ति आर्जन, आफनो मनोकामना पुरा गर्नका लागि उपासना गर्ने गरेको देखिन्छ । टोखामा रहेको चण्डेश्वरीको महत्व र त्यसका भौतिक(मूर्त) तथा (अभौतिक) संस्कृतिको अन्वेषण हुन नसकेकोले यसलाई समस्याको रुपमा लिइएको छ । यो समस्यालाई समाधान गर्नका लागी गुणात्मक विधिको उपयोग गरि प्राथमिक र द्धितीय तथ्याङक संकलन गर्नका लागि स्थानीय वासिन्दा, बुद्धिजिवी, शिक्षक लगायतका व्यक्तिहरूसँग अन्तर्वार्ता, अवलोकन, पुस्तक पर्यावलोलक, सरकारी तथा गैह्–सरकारी प्रतिवेदनहरूबाट गरिने छ । टोखा चण्डेश्वरीलाई सर्वसाधारण मानिसहरूले ३३ कोटि देवताहरूको वासस्थानको रूपमा लिने गरिएको छ । नेपाल महात्म्य, स्कन्दपुराण, स्वयम्भुपुराणमा देवताहरूको रक्षाको लागि उत्पत्ति भएको र चण्डासुर दैत्यको वध गरेको कारण चण्डेश्वरी रहेको पाइन्छ । चण्डेश्वरी मन्दिरको मुख्य विशेषता भनेको यसमा टुडाँलहरू रहेका छैनन् । यो मन्दिरमा ठूलाठूला झ्यालहरूको अभाव रहेको देखिन्छ । टोखामा प्राप्त भएको संवत ५१९ को शिवदेव र अशुंवर्माको अभिलेखको आधारमा टोखा चण्डेश्वरी लिच्छविकाल अघि नै स्थापना भएको देखिन्छ । टोखा चण्डेश्वरीको क्षेत्रको विश्लेषण गर्दा प्राचीन मूर्तिहरू प्राप्त भएका छन् । टोखा क्षेत्रमा पाइएका अभिलेखहरू, मानिसहरूको जनश्रृति, साहित्यिक ग्रन्थहरूको आधारमा टोखा चण्डेश्वरीको स्थापना प्राचीनकाल भन्दा अगाडि नै स्थापना भएको अनुमान गर्न सकिन्छ । चण्डेश्वरीलाई टोखा क्षेत्रमा बसोबास गर्ने मानिसहरूको आधात विश्वास छ । उनीहरू आफनो कुनै पनि संस्कार गर्दा चण्डेश्वरीमा गएर पुजाआजा गर्ने परम्परा छ । टोखा क्षेत्रमा आउन सक्ने हरेक दुःख कष्ट निवारणमा चण्डेश्वरीको महत्त्वपूर्ण भूमिका निर्वाह हुने विश्वास गरिन्छ ।*

**शब्दकुञ्जी**ः टोखा, चण्डेश्वरी, अभिलेख, मूर्त तथा अर्मूत संस्कृति, सम्पदा ।

## विषय परिचय

साँस्कृतिक रुपले बहुजातिय, बहुभाषिक, बहुधार्मिक तथा बहुसाँस्कृतिक विशेषतायुक्त समाज रहेको पाइन्छ । नेपाल क्षेत्रफलको हिसावले सानो तर साँस्कृतिक विविधताको हिसाबले विशाल छ । साँस्कृतिक विविधतामा एकता अझै कायम छ । यहाँको संस्कृति अवलोकन र अध्ययनमा विश्वको ध्यान सदैव आकृष्ट हुँदै आएका छन् (कोइराला, २०७०). नेपालको राजधानी काठमाडौको असनबजारबाट करिब ११ कि.मि. उत्तरमा शिबपुरी डाँडाको दक्षिण काखमा टोखा चण्डेश्वरी मन्दिर अवस्थित रहेको छ । ऐतिहासिक परिप्रेक्ष्यमा टोखा क्षेत्रको महत्व लिच्छविकालमा नै रहेको तथ्यलाई त्यहाँ प्राप्त संवत ५१९ को शिवदेव र अंशुवर्माले राखेको अभिलेखबाट जानकारी पाउन सकिन्छ । जसमा हाम्रो निगाहबाट जीविका गर्नेहरू तथा अरुहरूले कुनै पीडा नगर्नु, गरेमा म कदापि छैन् भनी प्रस्तुत शिलालेखमा वर्णन गरिएको छ (जोशी,२०७७ पृ.२४५) कतिपय इतिहासकारहरूले टोखा क्षेत्रको बारेमा जनश्रृति अनुसार मानव बसोबासको पहिलो वस्ती रहेको उल्लेख गरिएको पाइन्छ । विभिन्न अभिलेखिय प्रमाणहरूको आधारमा यो क्षेत्र प्राचीनकालदेखि सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण र समृद्ध थलोको रुपमा रहेको पाइन्छ । यहाँ नेवारी सम्प्रदायको बाहुल्यता रहेकोले शाक्त, बैष्णब, शैव, वौद्ध लगायतका विभिन्न धार्मिक सम्प्रदायमा विश्वास गर्नेहरू

बसोबास गर्दछन् । जहाँ सम्प्रदाय वमोजिमका देवदेवीहरूको मठ–मन्दिर लगायत पाटी, पौवा, पोखरी, डबली आदि छन्। केही विज्ञहरूले टोखा क्षेत्रलाई प्राचीनकालमा नुवाकोट हुँदै तिब्बत जाने व्यापारिक मार्गको रुपमा लिने गरेको पाइन्छ। यहाँ मनाउने महत्वपूर्ण जात्रापर्वहरूमा चण्डेश्वरीको रथयात्रा, सपनतीर्थको मेलालाई राष्ट्रिय पर्वको रुपमा मनाउने गरेको देखिन्छ।

नेपालमा प्राचीनकालदेखि चण्डेश्वरीको पूजाआजा र उपासना गर्ने परम्परा रहिआएको देखिन्छ । चण्डेश्वरीको सम्वन्धमा स्कन्दपुराण अन्तगर्त नेपाल महात्म्यमा सविस्तार वर्णन गरिएको छ। जसमा यस ग्रन्थमा तिनलाई चण्डासुर हन्ता सिंहारुढा देवी भएकोतिर स्पष्ट सङ्केत गरेको पाइन्छ। स्वयं चण्डासुरद्वारा पराजित हुँदा यिनी चण्डेश्वरी नामले ख्यात भएको कुरा उक्त पुराणमा वर्णित छ। ग्रन्थवाट नेपाल मण्डलका चार नारायणहरूमध्ये चाँगुनारायणको आख्यानसित चण्डेश्वरीको सम्वन्ध रहेको तथ्यलाई स्पष्ट गरेको छ। भाषावंशावलीले चण्डेश्वरीलाई उपत्यकामा रहेका चार नारायणमध्ये विशङ्खु नारायणको शक्तिको रूपमा उल्लेख गरेको गरिएको छ (जोशी, वि.सं.२०५०)। नेपाल माहात्म्य, स्कन्द पुराण, स्वयंभू पुराण लगायत अन्य कतिपय पौराणिक साहित्यहरूमा स्थान विशेष केही कथनमा फरक उल्लेख भएतापनि देवताहरूको रक्षाको लागि चण्डेश्वरीको प्रादुर्भाव चण्डासुरदैत्य वधसँग जोडिएको देखिन्छ। श्री चण्डेश्वरी माईलाई सनातन धर्मालम्बीहरूले चण्डिका, चामुण्डा, कुमारी भगवती आदिको रूपमा पूजाअर्चना गर्दछन्। बौद्ध धर्मालम्बीहरूले भने उग्रतारा, आर्यतारा, अजिमा, एकजटी, कुमारी देवीको रूपमा पूजा अर्चना गर्ने परम्परा रहेको पाइन्छ। चण्डेश्वरीलाई कहिँ भैरबी कालीकी छोरी कतै हिमालयपुत्री शैलजा भन्ने गरिएको उल्लेख रहेको छ (विरचित, वि.स. २०६२, पृ.५)।

टोखा चण्डेश्वरीको मन्दिरको सांस्कृतिक पक्षलाई पृष्टि गर्ने आधारको प्राप्त गर्न सकिएको छैन्। धनवज्र बज्राचार्यले प्रकाशित गरेको प्राचीन अभिलेख नामक पुस्तकमा उल्लेख गरेको अभिलेखमा टोखामा रहेको तिलमक र गुल्म शब्दको उल्लेख आएको पाइन्छ (वज्राचार्य,२०३० पृ.२६६/२६७) । जसमा उपत्यकाको उत्तरी भेकमा धर्मस्थलीको हाराहारीमा टोखा नामक प्रसिद्ध वस्ती भएको उल्लेख गरिएको छ । चण्डेश्वरीदेवी माई स्थानमा दक्ष प्रजापतिले यज्ञ गरेको भन्ने विश्वास रहेका छन् । देवमाला वंशावलीमा राजा रत्न मल्लको पालामा नेपाल संवत ६२९/३० सालमा कु कु भन्ने नाम गरेको भोटे देवाहरूको रखवारी निमित्त ३०० घरको सहर बनाई प्रजा बसाली त्यसको मुख्य देवता चण्डेश्वरी रहेको उल्लेख गरिएको पाइन्छ (योगी,२०१३ पृ.१२६) टोखालाई थनेलाछी र कोनेलाछी गरी दुई इलाकामा विभाजन गरिएको छ। थनेलाछीले माथिल्लो भाग हो जहाँ चण्डेश्वरी मन्दिर रहेको छ। यस वस्तीलाई तत्कालीन समयमा माथिल्लो भेगलाई टोखा चण्डेश्वरी र तल्लो भागलाई टोखा सरस्वती गरी दुई गाउँ विकास समितिमा विभाजन गरिएकोमा नेपाल सरकारले विक्रम संवत २०७१ सालको निर्णय अनुसार टोखा नगर पालिका वडा नं. २ र ३ अन्तगर्त टोखा २ मा चण्डेश्वरी मन्दिर रहेको छ । यो क्षेत्रमा बसोबास गर्ने मानिसहरूको जनविश्वास अनुसार बाराही क्षेत्रको कोशीको जल, धरान विजयपुर स्थित पिण्डेश्वरी महादेवको जल,तथा टोखाको पिण्डारक तीर्थमा नुहाई चण्डिकेश्वर महादेवको जल लिई आराधना गर्नाले मनोकाङक्षा पूर्ण हुने धारणा छ। वैशाख संक्रान्तिका दिन मनाइने सपनतीर्थ मलेको दिनमा चण्डेश्वरी महादेवा एवम् चण्डेश्वरी माईको दर्शन गर्ने चलन समेत निरन्तर रुपमा अझै कायम छ (श्रेष्ठ, २०७० पृ.८७). यसले टोखामा रहेको चण्डेश्वरी मन्दिर पुरातन मध्ये एक हो भन्ने तथ्यलाई अभिलेखले स्पष्ट गरेको छ। यसको सवैपक्षीय साँस्कृतिक महत्व हुँदाहुँदै पनि विद्धानहरूको ध्यान यसतर्फ पुग्न सकेको देखिदैन्। नेवार सम्प्रदायहरूको श्रद्धा, आस्था र भतिmको केन्द« मानिएको चण्डेश्वरी छाँयामा परेको छ। यहाँ मनाउने महत्वपूर्ण जात्रापर्वहरूमा चण्डेश्वरीको रथयात्रा, सपनतीर्थको मेलालाई राष्ट्रिय पर्वको रुपमा मनाउने गरेको देखिन्छ।

## अध्ययन विधि

अनुसन्धानको स्वरुपका दृष्टिले यो अध्ययनकार्य अन्वेषणात्मक प्रकृतिको गुणात्मक अध्ययन हो। विषयका दृष्टिले यो सांस्कृतिक अध्ययन हो। त्यसैले यस अध्ययनका लागि तथ्यहरू गुणात्मक र ऐतिहासिक बिषेशतायुक्त हुनेछ। यस कुरालाई आधार मानेर यो अध्ययनका लागि आवश्यक तथ्यहरू प्राथमिक र द्धितीय स्रोतहरूबाट संकलन गरिएको छ। टोखा चण्डेश्वरी

मन्दिरको अध्ययन गर्दा पुराना स्मारक र कलाकृतिहरूको विषयमा स्थलगत अन्वेषण गरेर, केही तथ्यहरू टोखा क्षेत्रमा बसोबास गर्ने व्यक्तिहरू, सम्वन्धित विषयका विज्ञहरूसँगको अन्तर्वार्ता, यहाँ रहेका पुराना भौतिक सम्पदाहरूको अवलोकन आदिबाट संकलन गरिएको छ। त्यस्तै गरी द्धितीय स्रोत अन्त्रगतका पूर्व प्रकाशित पुस्तक , पत्र–पत्रिका, कतिपय तथ्यहरू प्रकाशित तथा अप्रकाशित शोधग्रन्थ,सरकारी र अर्थसरकारी प्रतिवेदन एवं किंवदन्तीहरूबाट संकलन गरिएको छ । विशेषगरी किंवदन्ती र द्धितीय स्रोतहरूको आधारमा चण्डेश्वरी मन्दिर कति पुरानो रहेको छ भन्ने विषयमा सूचना संकलन गरिएको छ। त्यसको पृष्टि गर्नका लागि लिच्छविकालको के कस्ता प्रमाणहरू रहेका छन् भन्ने कुराको खोजी गरिएको छ । अन्वेषणबाट प्राप्त भएको भौतिक अवशेषहरू लिच्छविकालीन हुन वा होइनन् भन्ने यकिन गर्नका लागि पुर्व प्रकाशित पुस्तक र लेखहरू तथा संस्कृति विषय विज्ञहरूलाई अन्तर्वार्ता लिएर तथ्यहरू संकलन गरिएको छ । यसरी मौखिक परम्परा, लिच्छवि अभिलेख, लिच्छविकालीन भौतिक अवशेष तथा पूर्व प्रकाशित साहित्यक ग्रन्थहरूको आधारमा टोखा चण्डेश्वरीको पहिचान गर्ने विधि अवलम्वन गरिएको छ। यस अध्ययन अनुसन्धानकार्यलाई भौगोलिक रुपमा विद्यमान टोखा नगर पालिकाको वडा नं . २ मा सिमित गरिएको छ। यो अध्ययन चण्डेश्वरी मन्दिरको सस्कृतिमा सिमित रहेको छ। त्यस बाहेक अन्य पक्षको अध्ययन यसमा परेको छैन् । चण्डेश्वरी मन्दिरको अन्वेषणको क्रममा जमिनको सतहमा पाइएका विभिन्न भौतिक अवशेषहरूको प्राप्तिको आधारमा चण्डेश्वरी मन्दिर लिच्छविकालीन थियो भन्ने निष्कर्षमा पुग्दा कहिले काही त्यस्ता अवशेषहरू पहिल्लो समयमा स्थान परिवर्तन भएको हुन सक्दछ। यस्तो अवस्थामा प्राप्त निष्कर्षमा केही तलमाथि हुन सक्छ यसलाई अध्ययनकार्यको परिणाममा देखापर्न सक्ने सीमा मानिएको छ।

## मुख्य प्राप्ति तथा छलफल

### चण्डेश्वरी मन्दिरको भौतिक संस्कृति

टोखाको चण्डेश्वरी मन्दिर चण्डेश्वर मन्दिरको पूर्वोत्तर दिशामा शिवपुरी आरक्षणको जङ्गलको फेदीसँग टाँसिएर रहेको छ। चण्डेश्वरीलाई देवीको रुपमा लिने गरिएको पाइन्छ। यो धेरै समयसंम्म एउटा ठूलो काभ्रोको रुखमुनि स्थापित थियो। वि.स. २०६० सालमा प्राकृतिक प्रकोपले रुख ढलेपछि चण्डेश्वरीदेवीलाई मन्दिर वनाएर व्यवस्थित गरिएको छ । टोखामा रहेको चण्डेश्वरीको विस्तृत जानकारी दिने प्रमुख आधारहरू मन्दिरको भौतिक -मूर्तसंस्कृतिहरू हुन्। यो मन्दिरको निर्माणमा परम्परागत नेपाली वास्तुशैलीलाई अनुशरण गर्न खोजिएको भएतापनि यसमा आधुनिकताको प्रभाव देखिन्छ । पाटन,वनेपा र भक्तपुरको तुलनामा यहाँको मन्दिर सानो रहेको छ । यस मन्दिरमा टुडाँलको प्रयोग भएको देखिदैन् । यस्तो हुनुको प्रमुख कारण मन्दिर निर्माणमा सँलग्न मानिसहरूमा ज्ञानको कमी वा ध्यान दिन नसकेको वा आर्थिक अभावले गर्दा यस्तो निर्माण गरिएको पनि हुनसक्ने देखिन्छ।

यो मन्दिरमा सम्पूर्ण रूपमा ईटा र कंक्रिटको प्रयोग गरिएको छ। कंक्रिटका दुई तहका छानो माथि करिब डेढ फिटको धातुको गजुर राखिएको छ । पश्चिमाभिमुख यस मन्दिरको निर्माण प्रक्रिया अलि फरक ढङ्गले गरिएको पाइन्छ । मन्दिरलाई करिब ९ फिट जतिको तेली ईटा प्रयुक्त पर्खालले २० २० फिट क्षेत्रफल ओगट्ने गरी घेरिएको छ। पर्खालको माथिल्लो भागमा वरिपरि व्याग्रमुख सहितको आकर्षक मृत्तिकाको कार्नेस जडान गरिएको पाइन्छ। यस पर्खालको पश्चिम पट्टिको मध्यभागमा तह–तह बढाउदै ११ फिटसम्मको उचाई बनाएको छ। यसको ठीक मुनिबाट चण्डेश्वरी मन्दिरको प्रवेशद्वार छ। जहाँ दुईवटा सिंहलाई मुलद्वारको दायाँ–वायाँ राखिएको छ । यो चण्डेश्वरी मन्दिरको मुख्यद्वार हो । मन्दिरको प्रवेशद्वारमा अत्यन्त कलापूर्ण प्रस्तरको स्तम्भ संहितको मृतिका (टेराकोटा) तोरण हालिएको छ।

यस मन्दिरको पहिलो र दोस्रो तलामा नाम मात्रका काठका स–साना आँखी झ्याल हालिएका छन्। यस मन्दिरभित्र प्रवेश गर्नका निर्मित्त दक्षिण पट्टि सानो ढोका राखिएको छ । पूजारीका अनुसार केही वर्ष अगाडि मन्दिरभित्र एउटा प्रस्तरको देवीमूर्ति स्थापना गरिएको छ । तर यो यहाँको पूजा स्थान भने होइन् । चण्डेश्वरीदेवीको मुख्य मन्दिर भने त्यही पश्चिम

पर्खालकोद्वार प्रवेश गरेपछि पुगिन्छ । जो मन्दिरको पश्चिम भित्तामा वाहिर पट्टि नै खोपा वनाई तह–तहका स्तम्भावली सहितका तोरणहरूले तयार पारिएको छ । यो मुख्य मन्दिरको निर्माण शैलीले यिनै यहाँको प्राचीन चण्डेश्वरी हुन भन्ने देखिन्छ । यहाँ पाँच तहको कलात्मक तलबाट सानो हुदै माथितिर ठूलो हुदै गएको तोरणभित्र चण्डेश्वरीको मुख्य पीठ रहेको छ ।

चण्डेश्वरीको चौथो तोरणमा क्षेपु मात्र देखिन्छ । त्यस क्षेपुको टाउँकामा प्रेताशनमा रहेकी षड्भूजी चामुण्डा रहेकोमा हाल त्यस स्थानमा रहेको पाइदैन । तर राम्रोसँग हेर्ने हो भने माथिपट्टि त्यहाँ एउटा मुसाको झै प्वाल रहेको छ । उक्त प्वालभित्र् एउटा मूर्ति छ । त्यसभित्र रहेको त्यो मूर्ति के को भनेर स्पष्ट छैन । यसै चौथो तोरणभित्र अर्को पाँचौ तथा अन्तिम तोरण पनि रहेको छ । यो पनि निक्कै सानो अवस्थामा रहेको छ । यसको स्तम्भ सहित तोरणको जम्मा उचाई १ फिट भन्दा पनि कम रहेको छ । तोरणमा धेरै भाग छेपुले ओगटेको छ । यस तोरणले निर्माण गरेको खोपाको भित्ताको मध्यभागमा एउटा खड्ग कँुदिएको छ । यहाँको क्षेपुको शिरमा खड्ग, त्रिशूल, छत्र, खट्वाङ्ग, धनुष र मुण्डमाला धारण गरेकी देवी काली चामुण्डा रहेको मन्दिरको पुजारीले वताएपनि हाल त्यस स्थानमा देखिदैन् । यो मूर्ति पछि कुनै समयमा छोपिएको हुनसक्ने अनुमान गरिएको छ । तर पुजारीकाअनुसार यहाँको मूर्ति धेरै पहिला नै हराएको हो ।

अतःयहाँको मन्दिरभित्र कुनै खास किसिमको चण्डेश्वरीदेवीको मूर्ति देखिदैन । त्यसैले यहाँ खड्ग तथा श्रीयन्त्रलाई नै मुख्य स्थान दिइएको प्रतित हुन्छ । तर नेपाल संम्वत ७९४ को नृपेन्द मल्लको पालाको एक अभिलेखलाई अध्ययन गर्दा उनले त्यहाँ साडी धारण गराउन मिल्ने अग्लो र ठूलो चण्डेश्वरीको मूर्ति भएको हुन सक्ने आंशका व्यक्त गरे तापनि हाल त्यस्तो खालको कुनै पनि मूर्ति त्यहाँ देखिदैन । मुख्य पूजा स्थान मानिएको मन्दिरभित्रको भागपनि निक्कै सानो छ । चण्डेश्वरीदेवीलाई विन्दुमा अर्थात सानो प्रस्तरमा रहेको खड्ग चिन्हलाई पनि प्राचीन चण्डेश्वरीको स्वरूप मानि पूजा गर्ने यहाँको परम्परा रहि आएको छ । मन्दिरभित्र तपशीलका महत्वपूर्ण मूर्ति तथा अन्य सामग्रीहरू पनि छन् ।

**तोरण**

चण्डेश्वरी मन्दिरको मूल ढोकामाथि अर्धगोलाकार वा अर्धचन्द्राकार तोरण राखिएको छ । तोरणमा गरुड, छेपु, गङ्गा, जमूना, सर्य, चन्द्र,मकर कछुवा, अप्सरा, विद्याधर, कार्तिकेय, सिंह आदिका आकृति कुँदिएका छन् । यहाँ स्तम्भमाथि अर्धचन्द्राकार मृतिकाको तोरण रहेको छ । तोरणको तल्लो भागमा दुवैपट्टि मकराकृति कँुदिएको छ । तोरण मध्यभागमा भने षडभुजी चामुण्डाको प्रेतासनमा मूर्ति कुँदिएको छ । चामुण्डाको दायाँ–वायाँ दुई दुई वटा देवीका मूति कुदिएका छन् । चामुण्डाको शिरमाथि मृतिकाको अष्टदलकमल वनाई त्यसमा श्रीयन्त्र उत्किर्ण गरिएको छ । श्रीयन्त्र माथि गजूर छ । कतिपय मन्दिरहरूमा सोैन्दय वढाउने क्रममा ढोकामाथि अर्धचन्दाकार तोरण राखिने गरिएको उल्लेख पाइन्छ । छानेशैलीका मन्दिरका विभिन्न विषेताहरूमध्ये अर्धचन्द्राकार रूपमा राखिएको तोरण एउटा हो । हिन्दू र बौद्ध देवदेवीको मन्दिरहरू, मूर्ति चिन्न देवताको वाहन बाहेक तोरणले पनि मद्दत गर्दछ । तोरणको मध्यभागमा मन्दिरको गर्भगृहमा स्थापित देवदेवीको प्रतिमूर्ति कुँदिएको हुन्छ । मन्दिरको मूल ढोका वन्द भए पनि तोरण हेरेर कुन देवदेवीको मन्दिर हो भने छुट्याउन सकिन्छ । मन्दिरको कुन देवी–देवता हो,तिनका नजिकका अन्य देवी–देवताको मुख्य देवतासित कस्तो सम्वन्ध छ भन्ने देखाउन पनि तोरणको निर्माण भएको देखिन्छ । यो परम्परा प्राचीन नेपाली परम्परा हो ।

**प्रदक्षिणापथ**

चण्डेश्वरी मन्दिरमा प्रदक्षिणापथ अग्लो पर्खाल अर्थात् मुख्य ढोकाको भित्रपट्टि रहेको छ । देवीदेवताको परिक्रमाको लागि मन्दिर वरिपरि घुम्न वनाईएका बाटालाई प्रदक्षिणापथ भनिन्छ । प्रदक्षिणा षोडषोपचार पूजापद्धतिको एक पद्धति मानिने हुँदा मन्दिरहरूमा प्रदक्षिणापथको निर्माण अनिवार्य मानिन्छ । नेपालमा प्राचीनकालदेखि नै मन्दिरहरू निर्माण गर्दा मन्दिरको वाहिरी पर्खालको भित्र र वाहिरबाट यस्ता पथहरू निर्माण गर्ने परम्परा छ । प्रदक्षिणा देव प्रतिमाको र मन्दिरको पनि गरिने हुँदा मन्दिरहरूमा यस्ता पथहरू निर्माण गरिएका हुन्छन् । आजसम्म पनि यस प्रथाले निरन्तरता पाउँदै गएको छ । सूर्य पूर्वबाट उदाएर पश्चिम अस्ताउने र पुनः पूर्वतर्फ देखिने हुनाले त्यसै चाल अनुरूप प्रदक्षिणाको शुरुवात भएको मानिन्छ । सतपथ ब्राहमणमा

"सूर्यसमान यो हाम्रो पवित्रकार्य पूरा भयो" भन्ने प्रदक्षिणामन्त्र दिएको देखिन्छ । हिन्दूहरूमा प्रदक्षिणाको शुरुवात वैदिककालदेखि नै भएको देखिन्छ।

**गर–गहना**

भक्तजनहरूले आफुले इच्छाएको कुरा पूर्ण भएपछि देवतालाई खुसी पार्नको लागि विभिन्न सामान गर–गहनाहरू मन्दिरमा चढाउने प्रचलन प्राचीन कालदेखि नै रहदै आएको पाइन्छ। यसमा विशेषगरी त्रिशुल, चंदुवा, दियो, तोरण, गर–गहना आदि सामानहरू चढाउने चलन रहेको छ। टोखा चण्डेश्वरी भगवतीलाई पनि भक्तजनहरूले प्राचीनकालदेखि नै समय–समयमा विभिन्न गर–गहना चढाउँदै आएका प्रमाणहरू पाइएका छन्। नेपाल सम्वत् ७९४ को अभिलेखमा श्रीश्रीश्री चण्डेश्वरी प्रीतिका लागि राजा नृपेन्द्र मल्लको शासनकालमा तोखा देश तोखा रागतोर गरछें वस्ने दता विश्वभारोले आफ्नो हातबाट मुकुट १ जोर, आसन १, धोति १ चढाएको उल्लेख गरिएको छ। चण्डेश्वरीलाई विशेष चाँडपर्व, जात्रा, विशेष पूजामा विभिन्न प्रकारका गर–गहना लगाईदिने चलन रहेको पाइन्छ। गहनाहरू सर्वसाधारणदेखि राजाहरूले समेत समय–समयमा गर–गहना चढाएको देखिन आउँछ। वास्तविक लगत पुरानो पाउन नसकिए तापनि केही गर–गहनाको लगत प्राप्त गर्न सकिएको छ।

**श्रीयन्त्र**

चण्डेश्वरीको मन्दिरमा पनि श्रीयन्त्र राखिएको छ। तन्त्रशास्त्रमा चित्र या अक्षरलाई यन्त्र भनिएको पाइन्छ । यसलाई देवीदेवताको प्रतीकको रुपमा लिइन्छ । कागज वा तामा लगायतका अन्य पातामा मन्त्र लेखेर जन्तर वनाउने पद्धति यन्त्रमा आधारित छ। यो तान्त्रिक पूजा पद्धतिको एउटा वस्तु हो।

**खड्ग**

टोखा चण्डेश्वरीमा रहेको प्रस्तरको खड्गलाई नै चण्डेश्वरी मानिएको छ । खड्गको भन्नाले तरवार भन्ने बुझिन्छ । सामान्यतया देवीको आयुध खड्ग रहने मान्यता हिन्दू पुराणहरूमा रहेको पाइन्छ। हिन्दूहरूमा यसलाई यूद्धसँग तादाम्य गर्ने चलन पनि रहेको छ। काटमार,यूद्ध र झगडाको प्रतीक खड्ग मानिन्छ। यसको उत्पत्तिका वारेमा हिन्दू धर्मग्रन्थहरूमा अनेक प्रकारका विवरणहरू दिएको देखिन्छ। खड्गको उत्पत्तिको कथा अनुसार वह्माले सृष्टि गरेपछि सवैलाई नियम वनाएको मानिन्छ। टोखा चण्डेश्वरीको दर्शन गर्ने सवैभन्दा तल्लो तहमा सानो प्रस्तरमा खड्गको चिन्ह रहेको छ। त्यसलाई मानिसहरूले सत्ययुगदेखि नै रहेकोले यसैलाई देवीको रूप मानी श्रद्धालुहरूले उपासना गर्ने गरेको देखिन्छ।

**क्षेपु**

चण्डेश्वरी मन्दिरको ढोकामा रहेको तोरण छेपु राखिएको छ। छेपु एक प्रकारको काल्पनिक प्राणी हो। यसलाई नेपाली शैलीका मन्दिर, घर र दरवारहरूको तोरणमा अङ्कित गर्ने गरिएको पाइन्छ। मूल ढोकाको माथि राखिएको अर्धगोलाकारका वस्तुको नाम तोरण हो । तोरणमा क्षेपुको आकृति कुँदिएको हुन्छ । भवन निर्माणमा साँस्कृतिक र अलङ्करण दुवै दृष्टिले तोरणहरूको विशेष महत्व रहेको छ। क्षेपु मुख वाघको जस्तो रहेको छ । यसको मुखमा भने दुईतिर दुईवटा साप च्यापेजस्तो देखाइने गरिएको पाइन्छ। यसको शरीर भने आधा देखाउने परम्परा रहेको छ।

**गजुर**

चण्डेश्वरी मन्दिरको माथिल्लो शिरमा एउटा सानो गजुर रहेको छ। मन्दिरको सवैभन्दा माथिल्लो भागमा ठाडो वनाएर राखिने धातुको एक प्रकारको वस्तुलाई गजुर भनिन्छ। मन्दिरको गजुर कलश र दण्डी स्वरूपको रहेको छ। नेपाली तलेशैली र शिखरशैली दुवै प्रकारका मन्दिरको सवैभन्दा माथिल्लो भागमा गजुर राख्ने चलन छ। सामान्यतया गजुर धातुको नै वनाउने गरिन्छ। चण्ण्डेश्वरी मन्दिरहरूमा पित्तलको गजुर राखिएको छ। गजुर मन्दिरको सुन्दरताका लागि राख्ने परम्परा पाइन्छ। नेपालका मन्दिरहरूमा एकदेखि लिएर २१ वटासम्म गजुरहरू राखिएका पाईन्छ। टोखा चण्डेश्वरीको मन्दिरमा पित्तलको एउटा मात्रै गजुर राखिएको छ। गजुरमाथि फलामको डण्डीलाई दक्षिण र उत्तरतिर फर्काएर साना–साना तिनवटा घण्टी झुण्डाइएको देखिन्छ।

**अष्टमातृका मूर्तिहरू**

चण्डेश्वरी मन्दिरको मृतिकाको पहिलोद्वार भित्र प्रस्तरको खम्वा र तोरणमा विभिन्न मूर्तिहरू कुँदिएका छन् । दायाँवायाँ भने एक जोर सिंहहरू र अष्टमातृकाका मूर्तिहरू रहेका छन् । नेपालमा मध्यकालको प्रारम्भदेखि नै अष्टमातृकाका मूर्तिहरू प्रसस्त वन्न थालेको देखिन्छ । विशेषगरिः काठमाडौ उपत्यकामा मध्यकालभरी नगर रक्षकका रूपमा अष्टमातृकाको स्थापना गरिएको देखिन्छ । आठवटा देवीहरूको सामूहिक नामलाई नै अष्टमातृका भनिन्छ । मातृकाहरूलाई सृष्टिका देवी र रक्षकका रूपमा पूजाआजा गर्ने परम्परा पहिलेदेखि चलि आएको देखिन्छ । हिन्दूहरूले पूजाआजा गर्ने विभिन्न देवीदेवताहरूमध्ये अष्टमातृका सामूहिक रूपमा पूजिने देवीहरू हुन् । यिनीहरू आठवटै देवी एकै पटक सामूहिक रूपमा पुजिने गरिएको छ । व्राह्मी, माहेश्वरी, वैष्णवी, वाराही, इन्द्रायणी, चामुण्डा र महालक्ष्मी अष्टमातृका हुन् । अष्टमातृकाको नृत्य टोखा चण्डेश्वरी क्षेत्रमा गर्ने चलन हालसम्म नरहेको स्थानीय वासीहरूको भनाई रहेको छ ।

## चण्डेश्वरीको पीठको पूजा विधि एवम् प्रक्रिया

**नित्य पूजा**

चण्डेश्वरी मन्दिरमा विहान नित्यपूजा र बेलुका आरती पूजा हुन्छ । पहिला पहिला पाटी छँदा नित्य पूजा गर्दा विहान भजन खलकबाट भजन कीर्तन गर्ने परम्परा रहेको थियो । हाल यो परम्परा रहेता पनि पाटी सवै भत्किसकिएकोले प्रचलनमा छैन् । नित्य पूजाका लागि भनि पुजारी दिक्षित हुनु पर्ने तथा निष्ठावान हुनुपर्छ भनिएको भएतापनि कुनै नियम छैन् । चण्डेश्वरी मन्दिरमा हालसम्म पालैपालो गरी मन्दिरमा पूजा गर्ने परम्परा रही आएको छ । मन्दिरमा चढाएको भेटी जो पालोमा वस्यो उसैले लैजाने परम्परा रहेको छ । विहान देवीको स्नान गरिसकेपछि वेद, पाठ र शङ्ख ध्वनीबाट नितीपूजा शुरु गरिन्छ । नैमित्तिक अर्थात् दैनिक पूजाको लागि चाहिने सामग्रीहरूमा अक्षेता एक मुठी, मन्दिर, जौ, घिउ, धूप, फलपूmल, दियो आदि रहेको पुजारीले भनाइ छ । त्यसरी चण्डेश्वरीको पूजा गर्नको लागि जग्गा गुठी राखि दिएको भएपनि पुजारीहरूले आफैले व्यवस्था गरी नित्य पूजा चलाइरहेका छन् ।

नित्यपूजा सकिएपछि बाहिरी भक्तजनहरूबाट पूजा लिने चलन छ । पुजारीले बाहिरी पूजामा ल्याएको भेटीबाट आ–आफ्नो गुजरा गर्दै आएका छन् । गुठी अड्डा भद्रकालीको लागत अनुसार नित्यपूजाको लागि बार्षिक धान, कुत आउने खेत र बजार खरीदको लागि नगदमा छुट्याएको पाइन्छ । साँझमा गरिने आरतीको लागि छुट्टै रकमको व्यवस्था गरेको देखिदैन । आरतीको लागि चाहिने सामग्री पालो परेको पुजारीले आफैले जुटाउने गरेका छन् । जनैपुर्णिमा पूजा,अष्टमी पूजा, स्वस्थानी पूजा, होली पूर्णिमा पूजा आदि लगायत विभिन्न पूजाहरूमहत्वपूर्ण पर्वपूजा हुने गरेको पाइन्छ ।

**विशेष पूजा**

नेपाल सम्वत् ९२७ को अभिलेखमा बैशाख १ गतेका दिनमा चण्डेश्वरी मन्दिरमा विशेष पूजामा प्रयोग गरिने पूर्ण सामग्री खरिद गर्नका लागि चस्वार्पी टोलका धनलक्ष्मीले दुई रोपनी जग्गा गुठी राखि दिएको उल्लेख गरिएको छ । चण्डेश्वरी मन्दिरमा वर्षभरी आउने चाडपर्वमा विशेष पूजा गरिने चलन पनि रहेको छ । तिहारमा म्हःपूजा, लक्ष्मीपूजा, दिला चतुर्दशीमा, चन्द्रमा उदाएपछिको आइतबारमा पूजा, असारमा देशपूजा यस्तै माघे संक्रान्तिमा प्रत्येक पुजारीहरू व्रतबसी वेलुका मात्र खाने चलन रहेको छ । माघे सक्रान्तिमा माई चण्डेश्वरीलाई वाह्र वटा मकलमा आगो बाली आगो ताप्न दिई पुँगा(बाक्लो पछ्यौरा) ओढाउने परम्परा पनि रहेको छ । यहाँको चण्डेश्वरीलाई विशेष पूजा गर्ने दिन आइतवार शुभ मानिन्छ ।

**पञ्चबली पूजा**

चण्डेश्वरी मन्दिरमा पञ्चवलि दिने परम्परा पनि रहेको देखिन्छ । चैत्रको मसान्तमा चण्डेश्वरीमा पञ्चबलि दिई चण्डेश्वरीमा नै भजन गरी साँझ करिव छ सात बजेतिर बार्षिक रूपमा मूल नाइके वहाली गरिन्छ । मूल नाइके वहाली गर्दा चण्डेश्वरी जात्रासंँगै जाने परम्परा रहेको छ । चण्डेश्वरी मन्दिरको मूल नाइके वहाली गर्नु अघि चण्डेश्वरी मन्दिरमा विहान १० बजेतिर सरकारी पूजा सहित चण्डेश्वरी देवीलाई पञ्चबलि दिनको लागि मूल नाइकेको नेतृत्वमा यस्तो पूजा गर्दछन् ।

पञ्चबलिमा चण्डेश्वरीलाई राँगा,बोका, हाँस, कुखुरा,थुमा गरी पाँचवटा पशुपन्छीको बली दिने परम्परा रहि आएको छ। सरकारी कोटाबाट आउने आर्थिक सहायता कम भएको खण्डमा चण्डेश्वरीमा गरिने पञ्चबलिमा पाँचवटाको बलि सट्टा एउटा दिने गरिएको छ।

**क्षमा पूजा**

प्रत्येक मठ मन्दिरमा कुनै नयाँ गतिविधि हुने वितिक्कै उक्त मन्दिरमा क्षमापूजा गर्ने पनि गरिन्छ। प्रत्येक समाजमा यो पूजा प्रचलन विशेष रूपमा गर्ने गरिन्छ। चण्डेश्वरी मन्दिरमा पनि क्षमापूजाको एकदमै महत्व रहेको देखिन्छ। यहाँ विशेषगरि विभिन्न समयमा हुने साना–साना गल्तीबाट हुने सम्भावित हानीलाई कम गर्नका लागि क्षमापूजा गर्ने प्रचलन पहिलेदेखि नै चलि आएको हो। यहाँ गरिने क्षमा पूजा गुठीयारहरूले गर्ने परम्परा रहि आएको छ। यहाँ मन्दिरको कुनै पनि कामहरू पुनःनिर्माण तथा निर्माण गर्नुभन्दा अगाडि र सम्पन्न भएपछि क्षमा पूजा गर्ने चलन रहेको छ।

**शुभकार्यको पूजा**

टोखाका स्थानीय व्यक्तिहरूले उनिहरूको विभिन्न किसिमका संस्कारहरू गर्दा पनि चण्डेश्वरी भगवतीको पूजाआजा गर्ने गरेको पाइन्छ। खासगरी केटा–केटी विवाह भएपछि मन्दिरमा गएर पूजा गर्ने चलन रहेको छ। कुनै घरमा छोराको जन्म हुँदा पनि चण्डेश्वरी मन्दिरमा गएर पूजाआजा गर्ने चलन छ। छोराहरूको व्रतवन्ध गर्दा पनि त्यहाँ गएर पूजा गर्ने परम्परा रहेको छ भने मानिसहरूले आफूलाई आइपर्ने आपत विपतका समयमा पनि भाकल गर्ने र पछि भाकलअनुसार चढाउने परम्परा पनि छ। कुनैबेला भने पानी नपर्दा, टोलमा विभिन्न खालका रोगहरू आउँदा तथा समाजमा सवैको राम्रो होस भन्ने हेतुले पनि चण्डेश्वरी मन्दिरमा पूजा हुने गरेको पाइन्छ।

**छलफल र निष्कर्ष**

स्त्री शक्तिका अनेक रूपहरूमध्ये चण्डेश्वरीलाई शक्तिको रूप लिएको छ। चण्डेश्वरीलाई भगवती, देवी, कुमारी, चासु अजिमा, चामुण्डा, चण्डी, दुर्गा, काली, पार्वती, एकजटी, दक्षिणकाली, गुहेश्वरी, अष्टमातृका र सप्तमातृकाको रूपमा लिने गरिएको छ। नेपाल महात्म्यले चण्डेश्वरीको उत्पत्ति देवासुरको संघर्षको समयमा भएको उल्लेख गरिएको छ।

टोखाको चण्डेश्वरीमा प्राप्त भएका ऐतिहासिक कला, संस्कृति, चाडपर्व लगायत विभिन्न समय र कालखण्डको शिलापत्र, गोपालराज वंशावली, लिच्छवीकालिन अभिलेख, भाषा वंशावली, देवमाला वंशावली आदिले ऐतिहासिक, साँस्कृतिक महत्वपूण सम्पदाको उजागर गरेको छ। टोखाका स्थानीय मानिसहरूले टोखा चण्डेश्वरी क्षेत्रलाई ३३ कोटी देवताको वासस्थानको रूपमा लिएका छन्। त्यहाँ प्राप्त भएको शिवदेव र सामन्त अंशुबर्माको संबत् ५१९ को अभिलेखले चण्डेश्वरीको प्राचीन सांस्कृतिक महत्वलाई दर्शाएको छ। त्यस्तैगरी विभिन्न समयमा चण्डेश्वरीदेवीलाई चढाएका सौभाग्यका सामानहरूको बारेमा नेपाल संबत् ७९३, ७९४, ७९५, ८०८, ८२०, ८३६, ९१५, ९१९, ९२७ आदिमा बर्णन गरिएको छ। यसले मध्यकालसम्ममा आउँदा टोखा चण्डेश्वरी अत्यधिक प्रख्यात भई सकेको देखिन्छ। देवमाला वंशावलीमा राजा रत्नमल्लका पालामा नेपाल संबत् ६२९÷३० सालतिर कु कु नाम गरेका भोटे देवारहरूको रखवारीका निमित्त तिनसय घर बसाली महत्वपूर्ण देवता चण्डेश्वरी रहेको उल्लेख गरिएको छ।

माथि उल्लेख गरिएको अभिलेख, मानिसहरूको जनश्रुति, साहित्यिक ग्रन्थहरूको आधारमा प्राचीनकाल भन्दा अगाडी टोखामा चण्डेश्वरीमा सांस्कृतिक गतिविधि भएको अनुमान गर्न सकिन्छ। विगत लामो समयदेखि टोखा चण्डेश्वरीमा वस्दै आउनु भएका चण्डेश्वरी बाबाले पनि चण्डेश्वरीको मूल थलो टोखा चण्डेश्वरी नै रहेको ठोकुवा गर्नु भएको छ। यहाँको मन्दिर सानो तिन तलाको रहेको छ। यस मन्दिरको भित्रपट्टि तलाहरू नछुट्टाई खोक्रो अवस्थामा निर्माण गरिएको छ। मन्दिरको निर्माणमा आधुनिक प्रभावमा ढुंगा, माटो आदिको प्रयोग गरिएको छ। यस मन्दिर पश्चिमाभिमुख रहेको छ। मन्दिरको द्वारमा टोराकोराको

सुन्दर, कलात्मक रूपले प्रयोग गरिएको छ। बाहिर र भित्री द्वारमा पनि सिंहको प्रस्तरको मूर्ति राखिएको छ। मृतिका द्वारको दायाँ बायाँ सिंगिनी बंगिन, गणेश, कुमार र मातृकाका साथै मध्यभागमा चामुण्डाको मूर्ति रहेको छ।

तोरणमा विभिन्न मूर्तिहरू कुँदिएका छन्। चण्डेश्वरीको मूर्तिलाई पाँचवटा तह निर्माण गरी सबैभन्दा तल्लो तहमा चण्डेश्वरीको मूर्तिको रुपमा खड्ग राखिएको छ। त्यसरी निर्माण गरेको तहको तोरणमा दायाँ बायाँ गणेश, कुमार, गणिका र छेपुको चित्र राखिएको पाइन्छ। छेपुमाथि चामुण्डा सबभन्दा माथि गजूर रहेको छ। सबैभन्दा तल्लो तहको भित्तामा छेपु भएको सानो तोरण छ यसमा पनि चामुण्डाको मूर्ति रहेको छ। तोरणमूनि देवीको मुख्य स्थान छ। चण्डेश्वरी देवीको प्रतीक खड्गको रहेको छ। यिनैलाई चण्डेश्वरीदेवीको रुपमा पूजा गरी भोग चढाउने गरेका छन्।

चण्डेश्वरीको भौतिक संस्कृतिहरूमा नवदुर्गाका मूर्तिहरू, शिलालेखहरू, दक्षिणकाली, भैरब, तोरण, इन्द्रायणी खड्ग, चामुण्डा, श्रीयन्त्र, गजुर, अष्टमातृकाहरू, मनकामना, सूर्य, चन्द्रमा, भगवती, लक्ष्मी आदिको मूर्तिहरू त्यहाँ स्थापना गरिएको छ। यहाँको प्रमुख उत्सवको रुपमा मनाइने विस्केट जात्रा हो। यसलाई टोखामा चैत्र २८ गतेदेखि बैसाख ३ गतेसम्म गरी ४ दिन मनाउने गरिन्छ। यस चण्डेश्वरीमा बिहान नित्य पूजा गरिन्छ भने साँझमा आरती मात्र गरिने चलन रहेको छ। यहाँ विशेषगरी दशैं अष्टमीका दिनमा विशेष वलिपूजा सरकारी स्तरबाट दिने गरिएको छ। यहाँ मानिसहरूले आफनो मनोकामना पूरा भएपछि कुखुरा, हाँस, अण्डाको बलिदिने चलन छ। चण्डेश्वरीमा क्षमापूजा, शुभकार्य पूजा, पञ्चामृत पूजा, धान लडाउने पूजा, था पूजा, सिठी नखः, संक्रान्ति आदिमा पूजा आराधना गर्ने गरिएको पाइन्छ।

**सन्दर्भ सामग्रीहरू**


कोइराला, लक्ष्मीविलास (२०७०). नेपाल विविधतामा एकता. नेपाल सरकार,सुचना तथा सञ्चार मन्त्रालय।

खतिवडा, सोमप्रसाद (२०७४). नेपाली संस्कृति विश्वकोषःजनता प्रसारण तथा प्रकाशन लिमिटेड।

जोशी, हरिराम (२०५०). चण्डेश्वरी वनोपाः वनेपा नगरपालिका स्मारिक।

जोशी, हरिराम (२०७०). नेपालका प्राचीन अभिलेख.नेपाल प्रज्ञा–प्रतिष्ठान।

बज्राचार्य, धनवज्र (२०३०). लिच्छविकालीन अभिले.नेपाल र एशियाली अनुसन्धान केन्द।

विरचित, जगतकेशरी (वि.सं. २०६२). *श्री चण्डेश्वरी महात्म्य (अनुवाद)*, *काभेरपलाञ्चोकः* चण्डेश्वरी मन्दिर पुनः निर्माण तथा छाना सुधार समिति।

श्रेष्ठ, मदन (२०५०). *ऐतिहासिक नगर टोखा.* मिमिरे वचत तथा ऋण सहकारी संस्था।

श्रेष्ठ, टेकवहादुर(१९९६). टोखाः एक ऐतिहासिक चर्चा. कन्ट्रीव्युसन अफ नेप्लिजः ने.ए.अ.क.त्रि.वि.।

योगी, देवनाथ (२०१३). देवमाला वंशावलीः ज.शुर शमशेर जवरा

Morgan, L.H. (1877). *Ancient society* : Henry Holt & Company

Tylor, E.B. (1871). The science of culture from primitive.In Bohamen & Glaxer(ed.), *High point anthropology*.pp.61–78.Alfred A.Knof. Private Limited ..


.